# राष्ट्रिय खेलकुद नीति, २०८२




नेपाल सरकार

## युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

# राष्ट्रिय खेलकुद नीति, २०८२

(नेपाल सरकार मन्त्रिपरिषद्‌बाट मिति २०८२।०३।०९ गते स्वीकृत)

# विषयसूची


परिच्छेद १ ........ १

परिचय ........ १

१.१. पृष्ठभूमि ........ १

१.२. समस्या तथा चुनौती र नीतिको आवश्यकता ........ ४

परिच्छेद २ ........ ६

नीति संरचना ........ ६

२.१. दूरदृष्टि (Vision) ........ ६

२.२. ध्येय (Mission) ........ ६

२.३. लक्ष्य (Goal) ........ ६

२.४. उद्देश्य (Objective) ........ ६

२.५. नीति (Policy) ........ ६

२.६. रणनीति (Strategy) ........ ८

२.७. कार्यनीति (Action Policy) ........ ११

परिच्छेद-३ ........ २१

नीति कार्यान्वयन ........ २१

३.१. संस्थागत व्यवस्था ........ २१

३.२. कानूनी व्यवस्था ........ २१

३.३. वित्तीय व्यवस्था ........ २२

३.४. नीति समन्वय र सामञ्जस्यता ........ २२

३.५. जोखिम पहिचान र व्यवस्थापन ........ २३

३.६ अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन ........ २४

३.७. नीति कार्यान्वयन कार्ययोजना ........ २५

३.८. खारेजी र बचाउ ........ २५

# परिच्छेद १

# परिचय

## १.१. पृष्ठभूमि

नेपालमा खेलकुदको सुरुवात परम्परागत रूपमा खेलिदै आएका धनुषकाँड, तरबार चलाउने, कुस्ती, आदि खेलबाट भएको मानिन्छ। आधुनिक खेलको सुरुवात भने उन्नाइसौं शताब्दीको अन्त र बिसौं शताब्दीको पूर्वार्धमा विदेश गई फर्किएका शासक, सैनिक, विद्यार्थी र नेपाल आएका पर्यटकहरूबाट भएको पाइन्छ।

खेलकुदले विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, भाषा, संस्कृति एवं समुदायबिच सामाजिक सद्भाव कायम गरी राष्ट्रिय एकतालाई सुदृढ गर्न सहयोग पुऱ्याउछ। खेलकुदले अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रको गौरव, मान तथा पहिचान स्थापित गराउनुका साथै कूटनीतिक सम्बन्धको प्रवर्धन गर्न अहम् भुमिका खेलेको हुन्छ। खेलकुद क्षेत्र रोजगारीका अवसर सिर्जना गर्ने र आन्तरिक तथा बाह्य खेल पर्यटनको माध्यमबाट देशको अर्थतन्त्रलाई सुदृढ बनाउने महत्त्वपूर्ण आधारको रूपमा रहेको छ।

नेपालमा खेलकुदको विकास क्रममा विसं. २००४ सालमा नेपाल क्रिकेट सङ्घको गठन भएको थियो। यसैगरी विसं. २००७ सालमा नेपाल साँस्कृतिक सङ्घले प्रथम पटक टेवल टेनिस प्रतियोगिताको सफल आयोजना गर्नुका साथै सोही वर्ष नै अखिल नेपाल टेवल टेनिस सङ्घको गठन भएको थियो। समय क्रमसँगै हरेक खेलसँग सम्बन्धित सङ्घ बन्न थालेसँगै तिनलाई व्यवस्थित गर्न छाता संस्थाको रूपमा विसं. २०१५ मा 'राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्' स्थापना भयो। यही संस्था विसं. २०१७ मा 'खेलकुद परिषद्' हुँदै २०२१ साल देखि हालसम्म 'राष्ट्रिय खेलकुद परिषद्' को रूपमा क्रियाशील छ। खेलकुदका गतिविधिलाई व्यवस्थित बनाउन र बढीभन्दा बढी खेलाडीको सहभागिता गराउन तत्कालीन राज्य संरचना अनुसार अञ्चल खेलकुद विकास समिति, क्षेत्रीय खेलकुद विकास समिति र जिल्ला खेलकुद विकास समिति गठन गरी खेलक्षेत्रका जनशक्तिको लागि शिक्षण, प्रशिक्षण र तालिम सुरु गरियो।

विगतमा शिक्षा मन्त्रालय मातहत विभिन्न रूपमा जोडिएको खेलकुदको नेतृत्वदायी निकाय भने विसं. २०५२ मङ्सिर १३ मा युवा, खेलकुद तथा संस्कृति मन्त्रालय हुँदै विसं. २०६५ देखि युवा तथा खेलकुद मन्त्रालयको

रूपमा क्रियाशील छ। खेलकुद गतिविधि सञ्चालन गर्ने विद्यालय र महाविद्यालयहरू पनि विस्तार हुँदै गए। विसं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धति योजना लागु भएपछि त्रिभुवन विश्वविद्यालयमा प्रविणता प्रमाणपत्र र स्नातक तहमा स्वास्थ्य तथा शारीरिक शिक्षालाई ऐच्छिक विषयको रूपमा समावेश गरियो। नेपाल सरकारले विसं. २०७४ मा भलिबल खेललाई राष्ट्रिय खेल घोषणा गरेको छ। त्यस्तै, खेलकुदलाई केन्द्रित गरेर विसं. २०७५ देखि त्रिभुवन विश्वविद्यालयमा खेलकुद विज्ञान विषयको अध्ययन अध्यापन सुरु गरियो।

शिक्षासम्बन्धी विभिन्न प्रतिवेदन तथा नीतिमा विद्यालय तथा विश्वविद्यालयमा शारीरिक शिक्षासम्बन्धी विषय समावेश गर्ने सुझावहरूलाई दृष्टिगत गरी थप व्यवस्थित गर्ने क्रममा राष्ट्रिय खेलकुद नीति, २०६७ जारी भयो।

अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सन् १९५१ देखि एसियाली, सन् १९६४ देखि ओलम्पिक र सन् १९८४ मा नेपालमा आयोजना भएको दक्षिण एशियाली खेलमा प्रथम संस्करणदेखि नेपालले सहभागिता जनाउँदै आएको छ। खेल सङ्घहरूको विकास र विस्तारसँगै विगतदेखि हालसम्म अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरका च्याम्पियनसिपमा पनि नेपालको उपस्थिति रहँदै आएको छ।

विद्यालय तहदेखि नै खेलकुदको विकास गर्ने उद्देश्यले विसं. २०२८ सालदेखि जिल्लास्तरमा भलिबल र एथ्लेटिक्स समावेश गरी वीरेन्द्र शिल्ड प्रतियोगिता (हाल राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता) शुरु गरियो भने खेलाडीको व्यापक सहभागिता गराउने गरी विसं. २०३८ सालदेखि राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन हुँदै आइरहेको छ।

नेपालको संविधानले खेलकुदलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समेटी संविधानको धारा ५१ (ज) को सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिमा स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुद क्षेत्रलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने विषय उल्लेख गरेको छ।

संयुक्त राष्ट्रसङ्घले सन् २०१५ मा पारित गरी तय गरिएको दिगो विकासका लक्ष्यमा खेलकुद कुनै एउटा दिगो विकासको लक्ष्यमा सिमित नभई दिगो विकासका बहुआयामिक पक्षहरूमा योगदान दिने क्रस-कटिङ क्षेत्र हो। यसलाई नरमशक्ति (सफ्टपावर) को रूपमा विकास गर्दै सबै

उमेर समूहका व्यक्तिको लागि स्वस्थ जीवन सुनिश्चित गरी समृद्ध जीवन प्रवर्धन गर्ने कुरा उल्लेख गरिएकोछ। खेलकुदको माध्यमबाट अनुशासित तथा स्वस्थ र सक्षम जनशक्ति तयार गरी राष्ट्र निर्माणमा सहयोग पुऱ्याउन राष्ट्रिय खेलकुद नीति, २०६७ ले मार्गनिर्देश गरेको छ। युथ भिजन-२०२५ ले खेलकुद र मनोरञ्जनका लागि विद्यालय शिक्षामा खेलकुद, खेलकुद पर्यटन, खेलकुद प्रतिभाको खोजी र विकास तथा खेलकुद पूर्वाधारको विकास र विस्तार गर्ने दश वर्षे रणनीति लिएको छ।

सोह्रौं आवधिक योजना (आ.व.२०८१/८२-२०८५/८६) ले खेलकुदलाई मानव पुँजी निर्माणको अभिन्न अङ्गको रूपमा विकास गर्ने, खेलकुद पूर्वाधारहरूको निर्माण र स्तरोन्नतिसँगै प्रशिक्षणको व्यवस्था गर्ने, स्थानीयस्तर र आधारभूत तहदेखि नै खेलकुद प्रतियोगिता सञ्चालन गरी प्रतिभावान् खेलाडीको पहिचान र विकास गर्नुका साथै प्रतिभावान् तथा अन्तर्राष्ट्रिय पदक हासिल गरेका खेलाडीलाई खेल क्षेत्रमा निरन्तरता दिने वातावरणको सिर्जना गर्ने, खेलकुदबाट आयआर्जन गर्न खेलकुद पर्यटनलाई प्रोत्साहन गर्ने र यस क्षेत्रलाई व्यावसायिक बनाउने, शारीरिक शिक्षालाई विद्यालयस्तरदेखि नै पाठ्यक्रममा समावेश गर्ने कुरा उल्लेख गरेको छ।

खेलकुदका नीतिगत प्रावधानलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ तथा राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ कार्यान्वयनमा रहेका छन्।

संस्थागत संरचनाका रूपमा केन्द्रमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय; राष्ट्रिय खेलकुद परिषद्; राष्ट्रिय एन्टिडोपिङ एजेन्सी; ओलम्पिक कमिटीहरू; विभिन्न खेल सङ्घ र महासङ्घहरू रहेका छन्। प्रदेशमा युवा तथा खेलकुदसँग सम्बन्धित मन्त्रालय, प्रदेश खेलकुद परिषद्/बोर्ड र अन्तर्गतका जिल्ला खेलकुद विकास समिति रहेका छन्। त्यसैगरी स्थानीय तहमा युवा तथा खेलकुद हेर्ने शाखा र गाउँ/नगर खेलकुद विकास समिति रहेका छन्। विद्यालय तथा विश्वविद्यालय तहको पाठ्यक्रममा शारीरिक शिक्षा, खेल विज्ञान र खेलकुद क्रियाकलाप समावेश गरी अध्यापन र अभ्यास गराउने प्रावधान राखिएको छ। यसका साथै केन्द्रमा विभिन्न विभागीय (सुरक्षा निकाय मातहत) तथा गैरसरकारी खेल संस्थाहरू र स्थानीय तहमा खेलकुदसँग सम्बन्धित क्लबहरू क्रियाशील रहेका छन्।

राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत रहेका फुटबल तथा क्रिकेट रङ्गशाला, कभर्डहल तथा खेलमैदानहरूको वर्गीकरण गरी स्तरअनुसार प्रदेश तथा

स्थानीय तहमा हस्तान्तरण गरिने कानूनी प्रावधान रहेको छ। हरेक स्थानीय तहमा एक खेलग्राम बनाउने नेपाल सरकारको नीतिअनुसार हाल खेलग्रामहरू निर्माणाधीन अवस्थामा रहेका छन्। विभागीय क्लबसम्बद्ध निकाय र कतिपय स्थानीय तहमा समेत आफ्नै खेल पूर्वाधार रहेका छन्। निजी क्षेत्रबाट निर्मित र सञ्चालित जिमखाना, पौडी पोखरी, फुटसलका साथै बन्जीजम्प, प्याराग्लाइडिङ, र्‍याफ्टिङ, कायाकिङ, क्यानोइङ जस्ता साहसिक र पर्यटकीय खेलहरू व्यवसायीकरणतर्फ उन्मुख रहेका छन्।

## १.२. समस्या तथा चुनौती र नीतिको आवश्यकता

### १.२.१ समस्या

खेलकुदका खेलगत राष्ट्रिय सङ्घ वा महासङ्घहरूको वर्गीकरण, व्यावसायिक क्षमता विकास र संस्थागत सुशासनको कमी हुनु; विद्यालय र विश्वविद्यालयमा खेलकुद व्यवस्थित नहुनु; खेलकुदसँग सम्बन्धित खेल पूर्वाधार पर्याप्त र गुणस्तरीय नहुनु; खेलाडी र प्रशिक्षकलाई नियमित र योजनाबद्ध प्रशिक्षण नहुनु; डोपिङसम्बन्धी पर्याप्त जानकारी नहुनु; खेलकुद क्षेत्रको व्यवस्थित कार्यतालिका नहुनु; खेलाडीहरूको पहिचान र स्तर निर्धारण नहुनु; विधा अनुसारका खेल प्रशिक्षक र प्राविधिक जनशक्ति पर्याप्त नहुनु; बजेट विनियोजनमा खेलकुद क्षेत्रले प्राथमिकता नपाउनु; परम्परागत तथा योग दर्शनमा आधारित खेललाई व्यवस्थित गर्न नसक्नु; खेल क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग हुन नसक्नु; खेलाडीको जिविकोपार्जन, स्वास्थ्य उपचारलगायतका सामाजिक सुरक्षाको समुचित व्यवस्था गर्न नसक्नु जस्ता समस्याहरू नेपालको खेलकुद क्षेत्रमा रहेका छन्।

### १.२.२ चुनौती

सबै स्थानीय तहमा आधारभूत सुविधासहितका खेलग्रामको निर्माण गर्नु; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका सुविधा सम्पन्न खेल पूर्वाधार विकास गर्नु; सङ्घ, प्रदेश र स्थानीय तहका खेलकुदसँग सम्बन्धित संरचनामा आवश्यक प्राविधिक जनशक्ति (प्रशिक्षक) को उचित व्यवस्थापन गर्नु; विभिन्न खेल विधाका प्रतिभावान् खेलाडीलाई स्वदेशमा आर्थिक उपार्जनको आधार सुनिश्चित गर्नु; खेलकुदलाई व्यावसायिक र रोजगारमूलक क्षेत्रको रूपमा विकास गर्नु; खेल क्षेत्रमा विश्‍वमा विकसित नवीनतम प्रविधि अवलम्बन गर्नु; खेलकुदसम्बन्धी अनुसन्धानमूलक योजनाको निर्माण र कार्यान्वयन गर्नु; विद्यालय र

विश्वविद्यालयमा पाठ्यक्रम तथा खेलकुद शिक्षकको व्यवस्था गर्नु; खेलकुदको सङ्घीय कार्यकारी निकायको सांगठनिक पुनःसंचरना र कर्मचारी समायोजन गर्नु; खेल सङ्घमा सुशासन कायम गर्नु; खेलकुदमा प्रतिबन्धित औषधि सेवन एवं विधि विरुद्धको कार्यलाई प्रभावकारी बनाउनु; अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पदक प्राप्त गर्ने गरी खेलाडीको क्षमता विकास गर्नु; खेल पर्यटनको माध्यमबाट लाभ उठाउनु; परम्परागत खेलको संरक्षण तथा प्रवर्धन गर्नु; साहसिक तथा पर्वतीय खेलको विकास तथा विस्तार गर्नु; खेलकुदमा वैदेशिक र निजी क्षेत्रको लगानी बढाउनु जस्ता चुनौतीहरू रहेका छन्।

### १.२.३ नीतिको आवश्यकता

केन्द्रीकृत राज्य संरचना अनुसार कार्यान्वयनमा रहेको विद्यमान राष्ट्रिय खेलकुद नीति, २०६७ निर्माण गर्दाको वस्तुस्थिति र हाल मुलुक सङ्घीयतामा गइसकेको परिवेशमा फरक पर्न गएकोले सोको सम्बोधन गर्नु परेको; विश्वव्यापी मूल्य र मान्यता अनुसार खेलकुदको विकास र विस्तार गर्न; खेल कूटनीतिमार्फत अन्तर्राष्ट्रिय जगतबाट लाभ लिन; विश्व खेलकुदमा देखा परेका नवीनतम प्रविधिहरू अवलम्बन गर्न; खेलकुदमा थप लगानी आकर्षण गर्न; खेलकुद क्षेत्रको व्यवसायीकरण, विशिष्टीकरण र विविधीकरण गर्न; खेल क्षेत्रमा देखापरेका समस्या र चुनौतीको सम्बोधन गरी खेलकुद प्रतियोगिताहरूमा खेलाडीको सशक्त सहभागितामार्फत देशको पहिचान र प्रतिष्ठा अभिबृद्धि गर्न तथा समग्र खेलकुद क्षेत्रलाई उत्पादनमूलक क्षेत्रको रूपमा स्थापित गर्ने गरी मार्गनिर्देश गर्नको लागि नयाँ नीति तर्जुमा गर्न आवश्यक देखिएको।

# परिच्छेद २

# नीति संरचना

## २.१. दूरदृष्टि (Vision)

स्वास्थ्य र समृद्धिका लागि खेलकुद

## २.२. ध्येय (Mission)

खेल क्षेत्रको विकास, विस्तार र व्यवसायीकरण

## २.३. लक्ष्य (Goal)

खेलकुदको माध्यमबाट स्वस्थ, अनुशासित, सिर्जनशील र सक्षम जनशक्ति तयार गरी राष्ट्रिय एकता, प्रतिष्ठा र समृद्धि हासिल गर्नका लागि टेवा पुऱ्याउने।

## २.४. उद्देश्य (Objective)

२.४.१ खेलकुदलाई जनजीवनको अभिन्न अङ्गको रूपमा विकास गरी स्वस्थ, सक्षम र अनुशासित जनशक्ति तयार गरी राष्ट्र निर्माणमा योगदान पुऱ्याउनु;

२.४.२ सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय र सहकार्यमा खेलकुद क्षेत्रको विकास र विस्तार गर्नु;

२.४.३ अन्तर्राष्ट्रिय समुदाय तथा निजी क्षेत्रको सहभागिता र लगानी आकर्षित गरी खेल क्षेत्रलाई व्यवसायीकरणतर्फ उन्मुख गराउनु;

२.४.४ मनोरञ्जनात्मक, परम्परागत, साहसिक तथा पर्वतीयलगायतका खेलमार्फत पर्यटन प्रवर्धन, उद्योग क्षेत्रको विकास र विस्तारका साथै रोजगारी सिर्जना गरी आर्थिक विकासमा टेवा पुर्‍याउनु;

२.४.५ खेलकुदमा नवीनतम प्रविधि र अभ्यासहरू अवलम्बन गरी खेलकुदलाई स्वच्छ, स्वस्थ र परिणाममुखी बनाउनु;

२.४.६ खेलकुद प्रतियोगितालाई प्रतिस्पर्धात्मक र गुणस्तरयुक्त बनाइ अन्तर्राष्ट्रिय प्रतियोगितामा देशको सार्थक, सशक्त र सक्रिय सहभागिता बढाउनु।

## २.५. नीति (Policy)

२.५.१ खेलकुदलाई विद्यालय र विश्वविद्यालय शिक्षामा आबद्ध गरी

राष्ट्रिय विकासमा योगदान पुऱ्याउने स्वस्थ, अनुशासित एवं सक्षम जनशक्ति तयार गरिनेछ। (२.४.१)

२.५.२ खेलकुदसँग सम्बद्ध निकायसँगको समन्वय र सहकार्यमा खेलकुदका गतिविधिहरूको विस्तार गरी खेलाडीमा रहेको अन्तरनिहित क्षमतालाई प्रष्फुटित गरिनेछ। (२.४.१)

२.५.३ शारीरिक तथा बौद्धिक अपाङ्गता भएका (पारा तथा विशेष) खेलाडीको विकास र विस्तारमा जोड दिइनुका साथै खेल क्षेत्रमा जेष्ठ नागरिक, महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको सहभागितालाई समेत अभिवृद्धि गरिनेछ। (२.४.१)

२.५.४ खेलाडी तथा प्रशिक्षकको व्यावसायिक सिप र खेलसम्बद्ध पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गरी समग्र खेल क्षेत्रलाई उपलब्धिमूलक बनाइनेछ ।(२.४.१)

२.५.५ खेलकुद क्षेत्रका गतिविधिलाई सघन र गुणात्मक बनाउन सङ्घ, प्रदेश र स्थानीय तह बिचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ ।(२.४.२)

२.५.६ सङ्घ, प्रदेश र स्थानीयतहको समन्वय र सहकार्यमा खेल क्षेत्रमा हुने लगानी वृद्धि गरी यस क्षेत्रको विकास र विस्तारको लागि परिचालन गरिनेछ। (२.४.२)

२.५.७ खेलकुदको क्षेत्रमा स्वस्थ प्रतिस्पर्धात्मक वातावरण निर्माण गरी खेलकुदसम्बद्ध निकाय र खेल सङ्घसंस्थामा सुशासन कायम गरिनेछ। (२.४.२)

२.५.८ वैदेशिक, निजी तथा गैरसरकारी क्षेत्र आकर्षित हुने गरी खेलकुद क्षेत्रमा लगानीमैत्री वातावरण सिर्जना गरिनेछ। (२.४.३)

२.५.९ खेलकुद क्षेत्रको विकास र विस्तारको लागि खेलकुदसँग सम्बद्ध अन्तर्राष्ट्रिय निकाय र संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ। (२.४.३)

२.५.१० मनोरञ्जनात्मक र परम्परागत खेलको संरक्षण र प्रवर्धन तथा साहसिक र पर्वतीय खेलको व्यवस्थापन र विस्तार गरिनेछ। (२.४.४)

२.५.११ देशको अनुकूल मौसम र भौगोलिक अवस्थाको लाभ लिन सकिने गरी नेपाललाई खेलकुद केन्द्र (Sports Hub) को रूपमा विकास

गरिनेछ। (२.४.४)

२.५.१२ अध्ययन अनुसन्धानलाई खेलकुद क्षेत्रको अभिन्न अङ्गको रूपमा लिई विश्व खेलकुदमा प्रयोग भएका नवीनतम प्रविधिको प्रयोग तथा नवीनतम खेल अभ्यास र सूचना सञ्चारमा जोड दिइनेछ। (२.४.५)

२.५.१३ नेपाली खेलकुदलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता अनुरूप स्वच्छ र स्वस्थ हुने गरी प्रवर्धन गरिनेछ। (२.४.५)

२.५.१४ राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडीको सार्थक, सशक्त र सक्रिय सहभागिता अभिवृद्धि गरी क्षमता विकास गरिनेछ। (२.४.६)

## २.६. रणनीति (Strategy)

**नीति २.५.१ खेलकुदलाई विद्यालय र विश्वविद्यालय शिक्षामा आबद्ध गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याउने स्वस्थ, अनुशासित एवं सक्षम जनशक्ति तयार गरिनेछ।**

२.६.१ विद्यालयलाई खेलकुद विकासको प्रारम्भिक थलोको रूपमा विकास गरी खेलकुद र शारीरिक शिक्षालाई विद्यालयको प्रारम्भिक कक्षादेखि नै पाठ्यक्रममा समावेश गर्न विषयगत निकायहरूसँग समन्वय गरिनेछ। साथै, उच्च शिक्षामा शारीरिक शिक्षा र खेल विज्ञान विषयको अध्ययन, अध्यापन र अनुसन्धान कार्यलाई विस्तार गरिनेछ।

**नीति २.५.२ खेलकुदसँग सम्बद्ध निकायसँगको समन्वय र सहकार्यमा खेलकुदका गतिविधिहरूको विस्तार गरी खेलाडीमा रहेको अन्तरनिहित क्षमतालाई प्रष्फुटित गरिनेछ।**

२.६.२ विद्यालय, विश्वविद्यालय, खेल सङ्घसंस्था, सरकारी निकाय र खेलसँग सम्बन्धित अन्य क्षेत्रमा खेलकुद कार्यक्रमको विकास र विस्तार गरिनेछ।

**नीति २.५.३ शारीरिक तथा बौद्धिक अपाङ्गता भएका (पारा तथा विशेष) खेलाडीको विकास र विस्तारमा जोड दिइनुका साथै खेल क्षेत्रमा जेष्ठ नागरिक, महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको सहभागितालाई समेत अभिवृद्धि गरिनेछ।**

२.६.३ अपाङ्गता भएका व्यक्तिहरूको रूचि र क्षमताका आधारमा खेलकुद क्रियाकलापमा सहभागिता बढाउन प्रोत्साहन र सहजीकरण गरिनुका

साथै अपाङ्गतामैत्री पूर्वाधारहरूको विकास र विस्तार गरिनेछ।

२.६.४ जेष्ठ नागरिक, महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको सहभागितालाई अभिवृद्धि गर्दै खेलमैत्री बनाइनेछ।

**नीति २.५.४ खेलाडी तथा प्रशिक्षकको व्यावसायिक सिप र खेलसम्बद्ध पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गरी समग्र खेल क्षेत्रलाई उपलब्धिमूलक बनाइनेछ।**

२.६.५ खेलाडी, प्रशिक्षक र निर्णायकहरूका लागि विशिष्टिकृत प्रशिक्षणका अवसर प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ।

२.६.६ खेलकुदसँग सम्बन्धित निकायका पदाधिकारी र कर्मचारीलाई क्षमता अभिवृद्धि कार्यक्रममा आबद्ध गरिनेछ।

**नीति २.५.५ खेलकुद क्षेत्रका गतिविधिलाई सघन र गुणात्मक बनाउन सङ्घ, प्रदेश र स्थानीय तह बिचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ।**

२.६.७ सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिमको खेलकुद क्षेत्रसँग सम्बन्धित विषयगत समितिलाई क्रियाशील बनाइ खेलक्षेत्रको विकास र विस्तारमा तहगत समन्वय गरिनेछ।

**नीति २.५.६ सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा खेलकुद क्षेत्रमा हुने लगानी वृद्धि गरी यस क्षेत्रको विकास र विस्तारको लागि परिचालन गरिनेछ।**

२.६.८ विभिन्न खेलको लोकप्रियता, सम्भाव्यता र सफलताका सम्भावनाका आधारमा खेलको वर्गीकरण र प्राथमिकीकरण गरी स्रोत र साधनको प्रभावकारी परिचालन गरिनेछ।

२.६.९ खेलकुद पूर्वाधारको वर्गीकरण गरी तोकिएको मापदण्डको आधारमा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी व्यवस्थापन गर्ने प्रावधान कार्यान्वयनमा ल्याइनेछ।

२.६.१० सङ्घीय खेल संरचना अन्तर्राष्ट्रिय मापदण्डअनुसार तथा प्रदेश र स्थानीय तहमा निर्माण हुने खेल संरचना राष्ट्रिय मापदण्डअनुसार निर्माण गरी सोहीअनुसार लगानीका आधार तयार गरिनेछ।

**नीति २.५.७ खेलकुदको क्षेत्रमा स्वस्थ प्रतिस्पर्धात्मक वातावरण निर्माण गरी खेलकुदसम्बद्ध निकाय र खेल सङ्घसंस्थामा सुशासन कायम गरिनेछ।**

२.६.११ खेल क्षेत्रमा सम्बद्ध निकाय, व्यक्ति र पदाधिकारीको भूमिकालाई

व्यवस्थित गर्न संरचनागत सुधार गरिनेछ।

२.६.१२ खेलकुद प्रतियोगितालाई स्वच्छ, अनुशासित र मर्यादित बनाउन प्रतियोगिता सञ्चालनका मापदण्ड बनाइ लागु गरिनेछ।

**नीति २.५.८ वैदेशिक, निजी तथा गैरसरकारी क्षेत्र आकर्षित हुने गरी खेलकुद क्षेत्रमा लगानीमैत्री वातावरण सिर्जना गरिनेछ।**

२.६.१३ खेलकुदमा सरकारी लगानी वृद्धि गर्नुका साथै वैदेशिक, निजी तथा गैरसरकारी लगानी आकर्षण गर्नको लागि दिइने कर छुट तथा अनुदानलाई व्यवस्थित गर्न सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गरिनेछ।

**नीति २.५.९ खेलकुद क्षेत्रको विकास र विस्तारको लागि खेलकुदसँग सम्बद्ध अन्तर्राष्ट्रिय निकाय र संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।**

२.६.१४ खेलकुद कूटनीतिको माध्यमबाट खेल क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय निकायसँगको सम्बन्धलाई सुदृढ बनाइ खेलकुद क्षेत्रबाट लाभ लिन सकिनेछ।

२.६.१५ अन्तर्राष्ट्रिय खेल सङ्घसंस्थासँग समन्वय र सहकार्य गरी वस्तुगत र प्राविधिक सहयोग जुटाउनुका साथै अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली खेलाडीको सहभागितामा वृद्धि गरिनेछ।

**नीति २.५.१० मनोरञ्जनात्मक र परम्परागत खेलको संरक्षण र प्रवर्धन तथा साहसिक र पर्वतीय खेलको व्यवस्थापन र विस्तार गरिनेछ।**

२.६.१६ विभिन्न सामाजिक समूह र क्षेत्रको सांस्कृतिक सम्पदाको रूपमा रहेका मनोरञ्जनात्मक र परम्परागत खेलको संरक्षण र संवर्धन गरी सामाजिक एकता र आयमूलक स्रोतको माध्यमका रूपमा विकास गरिनेछ।

२.६.१७ खेलकुदलाई आयमूलक क्षेत्रको रूपमा विकास गर्न साहसिक तथा पर्वतीय खेलको मापदण्ड बनाइ निजी क्षेत्र समेतका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**नीति २.५.११ देशको अनुकूल मौसम र भौगोलिक अवस्थाको लाभ लिन सकिने गरी नेपाललाई खेलकुद केन्द्र (Sports Hub) को रूपमा विकास गरिनेछ।**

२.६.१८ देशका विभिन्न भू-भागमा खेलकुद, मनोरञ्जन र सामुदायिक

क्रियाकलाप समेत सञ्चालन गर्ने गरी आवश्यक पूर्वाधार र सुविधासहितका खेलकुद केन्द्र (Sports Centre) स्थापना गरिनेछ।

**नीति २.५.१२ अध्ययन अनुसन्धानलाई खेलकुद क्षेत्रको अभिन्न अङ्गको रूपमा लिई विश्व खेलकुदमा प्रयोग भएका नवीनतम प्रविधिको प्रयोग तथा नवीनतम खेल अभ्यास र सूचना सञ्चालनमा जोड दिइनेछ।**

२.६.१९ खेलकुदका भौतिक पूर्वाधार निर्माण, प्रशिक्षण र प्रतियोगिता लगायतका क्षेत्रमा नवीनतम प्रविधि अवलम्बन गरिनेछ।

२.६.२० खेलकुद सूचना व्यवस्थापन प्रणाली (Sports Information Management System-SIMS) मार्फत खेलकुदसम्बन्धी तथ्याङ्कको व्यवस्थापन गर्नुका साथै खेल पत्रकारिता र सूचना प्रविधिलाई प्रभावकारी बनाइनेछ।

**नीति २.५.१३ नेपाली खेलकुदलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता अनुरूप स्वच्छ र स्वस्थ हुने गरी प्रवर्धन गरिनेछ।**

२.६.२१ खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्धको कार्यलाई प्रभावकारी र व्यवस्थित बनाइनेछ।

**नीति २.५.१४ राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडीको सार्थक, सशक्त र सक्रिय सहभागीता वृद्धि गरी क्षमता विकास गरिनेछ।(२.४.६)**

२.६.२२ राष्ट्रको गौरव बढाउन योगदान पुऱ्याउने खेलाडी, प्रशिक्षक तथा खेल सम्बद्ध निकायलाई निश्चित मापदण्डका आधारमा उत्प्रेरणामूलक र प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## २.७. कार्यनीति (Action Policy)

**२.७.१ रणनीति २.६.१ विद्यालयलाई खेलकुद विकासको प्रारम्भिक थलोको रूपमा विकास गरी खेलकुद र शारीरिक शिक्षालाई विद्यालयको प्रारम्भिक कक्षादेखि नै पाठ्यक्रममा समावेश गर्न विषयगत निकायहरूसँग समन्वय गरिनेछ। साथै, उच्च शिक्षामा शारीरिक शिक्षा र खेल विज्ञान विषयको अध्ययन, अध्यापन र अनुसन्धान कार्यलाई विस्तार गरिनेछ।**

१. खेलकुद तथा शारीरिक शिक्षालाई विद्यालय तहको पाठ्यक्रममा समावेश गर्ने,

२. माध्यमिक तहमा तालिम प्राप्त शिक्षकको क्रमश: व्यवस्था गर्ने,

३. विश्वविद्यालयमा शारीरिक शिक्षा र खेल विज्ञान विषयको अध्ययन, अध्यापन तथा अनुसन्धान कार्य विस्तार गर्ने।

**२.७.२ रणनीति २.६.२ विद्यालय, विश्वविद्यालय, खेल सङ्घसंस्था, सरकारी निकाय र खेलसँग सम्बन्धित अन्य क्षेत्रमा खेलकुद कार्यक्रमको विकास र विस्तार गरिनेछ।**

१. सबै विद्यालयमा खेलकुदका न्यूनतम पूर्वाधारको मापदण्ड तयार गर्ने;

२. विद्यालयमा अध्ययनरत प्रतिभावान् खेलाडी र खेलाडीका सन्ततिलाई छात्रवृतिको व्यवस्था गर्ने;

३. विद्यालयमा सह-क्रियाकलाप र नियमित रूपमा खेलकुद प्रतियोगिताको आयोजना गर्ने;

४. विश्वविद्यालयमा खेलकुदका न्यूनतम भौतिक पूर्वाधारको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने;

५. विश्वविद्यालयमा अध्ययनरत प्रतिभावान् खेलाडी विद्यार्थी र खेलाडीका सन्ततिलाई छात्रवृत्तिको व्यवस्था गर्ने;

६. विश्वविद्यालयहरूमा खेलकुदसम्बन्धी वार्षिक कार्यतालिका र कार्यक्रम बनाइ कार्यान्वयन गर्ने;

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा अन्तरविश्वविद्यालय खेलकुद प्रतियोगिता आयोजना गर्ने;

८. खेलकुदसँग सम्बन्धित विषय र गतिविधिको अध्ययन अनुसन्धान गर्ने;

९. खेलसँग सम्बद्ध सरकारी, गैरसरकारी निकाय एवं खेल सङ्घसंस्थामा खेल पूर्वाधार विकास गर्ने;

१०. खेलसँग सम्बद्ध सरकारी, गैरसरकारी निकाय एवं खेल सङ्घसंस्थाले दक्ष प्राविधिक जनशक्ति विकास गरी तालिम र प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्ने;

११. खेलसँग सम्बद्ध सरकारी, गैरसरकारी निकाय एवं खेल सङ्घसंस्थाले खेलकुद प्रतियोगिता आयोजना गर्ने;

**२.७.३ रणनीति २.६.३ अपाङ्गता भएका व्यक्तिहरूको रूचि र क्षमताका आधारमा**

**खेलकुद क्रियाकलापमा सहभागिता बढाउन प्रोत्साहन र सहजीकरण गरिनुका साथै अपाङ्गतामैत्री पूर्वाधारहरूको विकास र विस्तार गरिनेछ।**

१. अपाङ्गताको प्रकृतिअनुसार खेल पूर्वाधार पहुँचयुक्त, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र प्रविधियुक्त बनाउने;

२. खेल विषयमा अध्ययन गर्न चाहने अपाङ्गता भएका खेलाडीका लागि छात्रवृत्तिको व्यवस्था गर्ने;

३. खेलस्थल र खेलकुदसँग सम्बन्धित निकायमा साङ्केतिक भाषा, ब्रेललिपि तथा लार्ज प्रिन्टको व्यवस्था गर्ने;

४. शारीरिक तथा बौद्धिक अपाङ्गता भएका (पारा तथा विशेष) खेलाडीको लागि तालिम तथा प्रशिक्षण कार्यक्रममार्फत आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्ने;

५. शारीरिक तथा बौद्धिक अपाङ्गता भएका (पारा तथा विशेष) खेलाडीको लागि खेलकुद प्रतियोगिता सञ्चालन गर्ने, गराउने।

**२.७.४ रणनीति २.६.४ जेष्ठ नागरिक, महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको सहभागितालाई अभिवृद्धि गर्दै खेलमैत्री बनाइनेछ।**

१. महिला खेलाडीका लागि नियमित प्रशिक्षण (सम्भव भएसम्म महिला प्रशिक्षकबाट) का अवसर विस्तार गर्ने;

२. ज्येष्ठ नागरिकका लागि योग, ध्यान, शारीरिक र मानसिक स्वास्थ्यसम्बन्धी विभिन्न चेतनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने;

३. भेट्रान्स/मास्टर्स खेलाडीलाई विधानुसारको अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने र त्यस्ता प्रतियोगितामा सहभागी गराउने;

४. खेलकुद क्षेत्रमा महिला खेलाडीको सहभागिता अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने;

५. तालिम र प्रशिक्षणमार्फत प्रशिक्षण, खेल चिकित्सा, खेल मनोविज्ञान र खेल पत्रकारिता आदि क्षेत्रमा महिला जनशक्ति तयार गर्ने;

६. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि खेलकुदसम्बन्धी मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने।

**२.७.५ रणनीति २.६.५ खेलाडी, प्रशिक्षक र निर्णायकहरूका लागि विशिष्टिकृत**

**प्रशिक्षणका अवसर प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ।**

१. खेलकुद क्षेत्रको जनशक्ति उत्पादन गर्ने नेपाल खेलकुद विज्ञान प्रतिष्ठानको सुदृढीकरण गर्ने,

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल तालिकाको आधारमा नियमित प्रशिक्षण सञ्चालन गर्ने,

३. खेलको प्रकृति तथा लोकप्रियता र अन्तर्राष्ट्रिय खेलमा उपलब्धिको आधारमा विशेष प्रशिक्षण सञ्चालन गर्ने।

२.७.६ **रणनीति २.६.६ खेलकुदसँग सम्बन्धित निकायका पदाधिकारी र कर्मचारीलाई क्षमता अभिवृद्धि कार्यक्रममा आबद्ध गरिनेछ।**

१. खेलाडी तथा प्रशिक्षकको वृत्ति विकास मापदण्ड तयार गर्ने,

२. खेलकुदसँग सम्बन्धित निकाय र खेल सङ्घसंस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई नेतृत्व क्षमता विकास तालिम तथा कार्यक्रम सञ्चालन गर्ने,

३. खेलाडी, प्रशिक्षक र निर्णायकको लागि स्तरवृद्धि र प्रमाणिकरण गर्न शैक्षिक कार्यक्रमको व्यवस्था गर्न सहजीकरण गर्ने।

२.७.७ **रणनीति २.६.७ 'सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७' बमोजिमका विषयगत समितिलाई क्रियाशील बनाइ खेलक्षेत्रको विकास र विस्तारमा तहगत समन्वय गरिनेछ।**

१. तहगत रूपमा खेलकुदका समस्या पहिचान गरी समाधानका उपायहरू अवलम्बन गर्ने।

२.७.८ **रणनीति २.६.८ विभिन्न खेलको लोकप्रियता, सम्भाव्यता र सफलताका सम्भावनाका आधारमा खेलको वर्गीकरण र प्राथमिकीकरण गरी स्रोत र साधनको प्रभावकारी परिचालन गरिनेछ।**

१. खेलको वर्गीकरण र प्राथमिकताको आधारमा खेलको मापदण्ड तयार गर्ने;

२. कार्यतालिका बनाइ राष्ट्रिय खेलकुद प्रतियोगिता नियमित रूपमा सञ्चालन गर्ने, गराउने;

३. उमेर समूहका आधारमा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त गरेको सफलता, ओलम्पिक र नन् ओलम्पिक खेल, राष्ट्रियस्तरमा खेलले

प्राप्त गरेको लोकप्रियता, लगानीको सम्भावना आदिका आधारमा खेलको वर्गीकरण गरी प्राथमिकीकरण गर्ने।

**२.७.९ रणनीति २.६.९ खेलकुद पूर्वाधारको वर्गीकरण गरी तोकिएको मापदण्डको आधारमा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी व्यवस्थापन गर्ने प्रावधान कार्यान्वयनमा ल्याइनेछ।**

१. विद्यमान खेल पूर्वाधारको स्तर निर्धारण गरी सङ्घ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने;

२. 'एक स्थानीय तह एक खेलग्राम' नीतिको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने;

३. प्रदेशमा अन्तर्राष्ट्रियस्तरको बहुउद्देश्यीय खेलग्राम निर्माण गर्ने।

**२.७.१० रणनीति २.६.१० सङ्घीय खेल संरचना अन्तर्राष्ट्रिय मापदण्डअनुसार तथा प्रदेश र स्थानीयतहमा निर्माण हुने खेल संरचना राष्ट्रिय मापदण्डअनुसार निर्माण गरी सोहीअनुसार लगानीका आधार तयार गरिनेछ।**

१. आवश्यकता र मागअनुसार अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरका सुविधासम्पन्न भौतिक पूर्वाधार निर्माण गर्दै जाने,

२. सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार खेलकुद पूर्वाधारहरू निर्माण गर्ने,

३. खेलकुद पूर्वाधार निर्माणमा वातावरणीय पक्षलाई आन्तरिकीकरण गरी जलवायु उत्थानशील बनाउने।

**२.७.११ रणनीति २.६.११ खेल क्षेत्रमा सम्बद्ध निकाय, व्यक्ति र पदाधिकारीको भूमिकालाई व्यवस्थित गर्न संरचनागत सुधार गरिनेछ।**

१. सङ्घीयता अनुकूल राष्ट्रिय खेलकुद परिषद्को पुनर्संरचना गर्ने,

२. खेलसम्बद्ध निकायमा कार्यरत पदाधिकारी र कर्मचारीहरूको कार्यविवरण (Job description) उपलब्ध गराउने,

३. खेल र खेलकुदसम्बन्धी आचारसंहिता बनाइ लागु गर्ने।

**२.७.१२ रणनीति २.६.१२ खेलकुद प्रतियोगितालाई स्वच्छ, अनुशासित र मर्यादित बनाउन प्रतियोगिता सञ्चालनका मापदण्ड बनाइ लागु गरिनेछ।**

१. खेलाडी, प्रशिक्षक तथा अफिसियलहरूको जिम्मेवारी र भूमिका

उल्लेख गरी अन्तर्राष्ट्रिय मापदण्डअनुसार खेल सञ्चालन कार्यविधि बनाउने,

२. खेलसँग आबद्ध सङ्घसंस्थाहरूको नियमनलाई प्रभावकारी बनाउने,

३. निजी क्षेत्रबाट सञ्चालित खेल पूर्वाधार र गतिविधिको नियमन गर्ने।

**२.७.१३ रणनीति २.६.१३ खेलकुदमा सरकारी लगानी वृद्धि गर्नुका साथै वैदेशिक, निजी तथा गैरसरकारी लगानी आकर्षण गर्नको लागि दिइने कर छुट तथा अनुदानलाई व्यवस्थित गर्न सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गरिनेछ।**

१. तीनै तहका सरकारबाट आवश्यकतानुसारको बजेट खेलकुदमा विनियोजन गर्नु पर्ने नीति अवलम्बन गर्ने;

२. संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) अन्तर्गत उद्योग तथा प्रतिष्ठानलाई खेलकुदका पूर्वाधार निर्माणदेखि अन्य गतिविधि सञ्चालनमा सहयोग गर्न समन्वय गर्ने,

३. खेल पूर्वाधारलगायत खेलक्षेत्रको विकासका लागि विभिन्न दातृ राष्ट्र, अन्तर्राष्ट्रिय संस्था तथा विकास साझेदारहरूबाट वैदेशिक सहयोग जुटाउन पहल गर्ने;

४. स्वदेशमै खेलकुद सामग्री उत्पादनको लागि निजी क्षेत्रलाई आवश्यक सहयोग एवं सहुलियत उपलब्ध गराउन सहजीकरण गर्ने;

५. खेल सामाग्री उद्योग प्रवर्धन गर्नका लागि आवश्यक सामग्री आयातमा कर सहुलियत/छुटको व्यवस्थाको लागि सहजीकरण गर्ने;

६. राष्ट्रिय खेल सङ्घ तथा महासङ्घबाट आयोजना हुने खेलकुद प्रतियोगितामा प्रायोजकको भूमिकामा रहेका संस्था वा निकायलाई करको दायरामा ल्याउन कार्यविधि बनाइने।

**२.७.१४ रणनीति २.६.१४ खेलकुद कूटनीतिको माध्यमबाट खेल क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय निकायसँगको सम्बन्धलाई सुदृढ बनाइ खेलकुद क्षेत्रबाट लाभ लिन सकिनेछ।**

१. नेपाल सरकारमार्फत अन्तर्राष्ट्रिय समकक्षी निकायसँग द्विपक्षीय र बहुपक्षीय सम्बन्ध स्थापना गर्ने;

२. खेल क्षेत्रमा मानव संसाधनको क्षमता अभिवृद्धिका लागि द्विपक्षीय, वहुपक्षीय निकायसँग कार्यक्रम आदान प्रदान गर्न समन्वय गर्ने;

३. सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहमा सङ्घीय मापदण्डअनुसार प्रतियोगिता आयोजना गर्ने;

४. अन्तर्राष्ट्रिय (दक्षिण एसियाली, एसियाली तथा ओलम्पिक) खेल कार्यतालिकाका आधारमा प्रतियोगितामा सहभागिता/आयोजना गर्ने।

**२.७.१५ रणनीति २.६.१५ अन्तर्राष्ट्रिय खेल सङ्घसंस्थासँग समन्वय र सहकार्य गरी वस्तुगत र प्राविधिक सहयोग जुटाउनुका साथै अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली खेलाडीको सहभागितामा वृद्धि गरिनेछ।**

१. अन्तर्राष्ट्रिय खेल सङ्घसंस्थासँगको सम्बन्ध सुदृढ बनाइ वस्तुगत तथा प्राविधिक सहयोग प्राप्तिमा पहल गर्ने,

२. प्रतिभावान् खेलाडीलाई व्यावसायिक खेलमा आबद्ध गराउन अन्तर्राष्ट्रिय खेल सङ्घसंस्थासँग समन्वय गर्ने।

**२.७.१६ रणनीति २.६.१६ विभिन्न सामाजिक समूह र क्षेत्रको सांस्कृतिक सम्पदाको रूपमा रहेका मनोरञ्जनात्मक र परम्परागत खेलको संरक्षण र संवर्धन गरी सामाजिक एकता र आयमूलक स्रोतको माध्यमका रूपमा विकास गरिनेछ।**

१. समुदाय र स्थान विशेषमा प्रचलनमा रहेका परम्परागत र मनोरञ्जनात्मक खेलको अध्ययन, अभिलेखीकरण, संरक्षण र संवर्धन गर्ने;

२. परम्परागत र मनोरञ्जनात्मक खेलको व्यापकता र लोकप्रियता अनुसार स्थानीय, प्रदेश तथा राष्ट्रियस्तरमा प्रतियोगिता आयोजना गर्ने।

**२.७.१७ रणनीति २.६.१७ खेलकुदलाई आयमूलक क्षेत्रको रूपमा विकास गर्न साहसिक तथा पर्वतीय खेलको मापदण्ड बनाइ निजी क्षेत्र समेतका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।**

१. भौगोलिक विशेषता अनुसार सञ्चालन गर्न सकिने साहसिक खेलको अध्ययन अनुसन्धान गर्ने;

२. साहसिक खेल सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने;

३. साहसिक खेलको तालिम, प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्ने;

४. उच्च धरातलीय तालिम केन्द्र सञ्चालनको सम्भाव्यता अध्ययन, अनुसन्धान, स्थापना, विकास र प्रवर्धन गर्ने;

५. उच्च धरातलीय तालिम केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

**२.७.१८ रणनीति २.६.१८ देशका विभिन्न भू-भागमा खेलकुद, मनोरञ्जन र सामुदायिक क्रियाकलाप समेत सञ्चालन गर्ने गरी आवश्यक पूर्वाधार र सुविधासहितका खेलकुद केन्द्र (Sports Centre) स्थापना गरिनेछ।**

१. खेल पर्यटन प्रवर्धनका लागि पूर्वाधारको समुचित व्यवस्था गर्ने,

२. खेल पर्यटन प्रवर्धनका लागि निजी तथा साझेदार संस्थासँग समन्वय र सहकार्य गर्ने,

३. नेपालमा पर्वतीय खेलकुद महोत्सव (Mountain Sports Festival) आयोजना गर्ने,

४. परम्परागत, मनोरञ्जनात्मक, साहसिक तथा पर्यटकीय खेलको नियमित प्रतियोगिता आयोजना गर्ने।

**२.७.१९ रणनीति २.६.१९ खेलकुदका भौतिक पूर्वाधार निर्माण, प्रशिक्षण र प्रतियोगितालगायतका क्षेत्रमा नवीनतम प्रविधि अवलम्बन गरिनेछ।**

१. खेलकुद क्षेत्रमा नवीनतम प्रविधिको अध्ययन र अनुसन्धान गर्ने,

२. खेलकुद क्षेत्रमा नवीनतम प्रविधिको उपयोग गर्न प्रोत्साहन गर्ने,

३. विद्युतीय खेलको (E-Sports) व्यवस्थापन र नियमन गर्ने।

**२.७.२० रणनीति २.६.२० खेलकुद क्षेत्रमा सूचना व्यवस्थापन प्रणाली (Sports Management Information System-SMIS) मार्फत खेलकुदसम्बन्धी तथ्याङ्कको व्यवस्थापन गर्नुका साथै खेल पत्रकारिता र सूचना प्रविधिलाई प्रभावकारी बनाइनेछ।**

१. खेलकुदसम्बन्धी तथ्याङ्कलाई व्यवस्थित बनाउन खेलकुद पोर्टल स्थापना गर्ने,

२. सञ्चार माध्यमको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद गतिविधि सञ्चालन गर्ने,

३. खेलकुदको विकास र विस्तारमा योगदान दिने खेल पत्रकार, सञ्चार माध्यमलाई पुरस्कार र सम्मानको व्यवस्था गर्ने।

**२.७.२१ रणनीति २.६.२१ खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्धको कार्यलाई प्रभावकारी र व्यवस्थित बनाइनेछ।**

१. खेलकुदमा आवश्यक स्वास्थ्यसम्बन्धी प्राविधिक जनशक्ति (डाक्टर, पोषण विशेषज्ञ, स्वास्थ्य सहायक, नर्स, फिजियोथेरापिष्ट, ल्याब एसिस्टेन्ट आदि) को व्यवस्था मिलाउने,

२. खेलाडीको पोषण तथा स्वास्थ्यसम्बन्धी मापदण्ड बनाइ सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

३. चिकित्सा विज्ञानसम्बन्धी नयाँ ज्ञान र अनुभव आदानप्रदान गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

४. एन्टिडोपिङ प्रयोगशाला स्थापना गरी एन्टिडोपिङ परीक्षणलाई सहज बनाउने,

५. खेलकुदमा प्रतिबन्धित औषधि सेवन एवं विधि विरुद्धको सचेतना अभिवृद्धि गर्ने।

**२.७.२२ रणनीति २.६.२२ राष्ट्रको गौरव बढाउन योगदान पुर्‍याउने खेलाडी, प्रशिक्षक तथा खेल सम्बद्ध निकायलाई निश्चित मापदण्डका आधारमा उत्प्रेरणामूलक र प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।**

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा देशको प्रतिष्ठा अभिवृद्धि गर्ने खेलाडी तथा खेलसँग सम्बन्धित व्यक्ति एवं संस्थालाई सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने;

२. खेलकुदसम्बन्धी नीतिगत सुधार एवं कानून तर्जुमा प्रक्रियामा खेलाडी तथा खेलकुद विज्ञहरूको प्रतिनिधित्व गराउने;

३. सङ्घ, प्रदेश र स्थानीय तहमा खेलाडी कल्याणकारी कोषको स्थापना गर्ने;

४. खेलाडी र प्रशिक्षकको वर्गीकरण गरी राष्ट्रिय पोर्टफोलियो तयार गर्ने;

५. खेलाडी र प्रशिक्षकको जीवन बिमा र स्वास्थ्य बिमाको व्यवस्था गर्ने;

६. खेलाडी र प्रशिक्षकलाई सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउन सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने;

७. अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई मापदण्ड बनाइ भत्ताको व्यवस्था गर्ने;

८. खेल क्षेत्रमा ख्याति कमाएका तथा खेलकुद क्षेत्रमा सकारात्मक सन्देश फैलाउन सहयोग गरेका व्यक्तिहरूलाई खेलकुद सद्भावना दूत नियुक्तिको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने;

९. खेलाडीको जीवनयापनलाई सहज बनाउन रोजगारीका लागि सहजीकरण गर्ने;

१०. तीनै तहमा उत्कृष्ट वर्ष खेलाडी छनौट गरी पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने।

# परिच्छेद-३
# नीति कार्यान्वयन

## ३.१. संस्थागत व्यवस्था

३.१.१. राष्ट्रिय खेलकुद नीति, २०८२ कार्यान्वयनका लागि आवश्यकतानुसार संस्थागत संयन्त्र र संगठन संरचनाको व्यवस्था गरिनेछ। नीति कार्यान्वयनको नेतृत्व नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले गर्नेछ। राष्ट्रिय खेलकुद परिषद्, कानूनबमोजिम स्थापित राष्ट्रिय एन्टिडोपिङ एजेन्सी, ओलम्पिक कमिटिहरू र खेल सङ्घ/महासङ्घ लगायतका संयन्त्रहरु समेत केन्द्रमा रहनेछन्।

३.१.२. प्रदेशमा प्रदेश कानूनबमोजिम खेलकुद हेर्ने मन्त्रालय, प्रदेश खेलकुद परिषद्/बोर्ड, खेल सङ्घ/महासङ्घहरू र प्रदेशको मातहतमा जिल्ला खेलकुद विकास समिति रहनेछन्। स्थानीय तहमा आवश्यक संयन्त्रहरू स्थापित गरी स्थानीय कानूनबमोजिम सञ्चालित हुनेछन्।

३.१.३ सङ्घ, प्रदेश र स्थानीय तहका खेलकुद गतिविधिलाई प्रभावकारी ढङ्गले समन्वय गर्नको लागि युवा तथा खेलकुद मन्त्रीको संयोजकत्वमा विषयगत समिति रहनेछ।

३.१.४. खेलकुद क्षेत्रको विकास र विस्तारको लागि स्पोर्टस् मिडिया सेन्टर, स्पोर्टस् मेडिसिन तथा रिसर्च सेन्टर र एन्टिडोपिङ प्रयोगशालाको स्थापना गरिनेछ।

३.१.५. राष्ट्रिय खेलकुद परिषद्को पुन:संरचना गरी नेपालको संविधान र नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा पूर्वाधार निर्माण, प्रशिक्षक व्यवस्थापन र प्रतियोगिता सञ्चालनका गतिविधिहरू व्यवस्थित बनाइनेछ।

## ३.२. कानूनी व्यवस्था

३.२.१. यस नीति कार्यान्वयन गर्नको लागि विद्यमान राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३ को राष्ट्रिय खेलकुद परिषद्को स्थापनामा स्थानीय तहको प्रतिनिधित्व सुनिश्चितता लगायतका

प्रावधान राखिनेछ। राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ क्षेत्रगत विनियमावली र निर्देशिकामा आवश्यकता अनुसार संसोधन गरी लागु गरिनेछ।

३.२.२. खेलकुद क्षेत्रका संरचना र गतिविधिहरू प्रदेशमा प्रदेश कानून र स्थानीय तहमा स्थानीय कानूनबमोजिम व्यवस्थित हुनेछन्।

३.२.३. खेलकुद क्षेत्रको विकास र विस्तारको लागि संलग्न हुन चाहने खेलकुद सङ्घसंस्थालाई सहज दर्ता र नवीकरणका लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ।

## ३.३. वित्तीय व्यवस्था

३.३.१. खेलकुदका संस्थागत संरचना र नीति अनुरूप खेलकुद गतिविधि सञ्चालन गर्न सरकारी दायित्व सिर्जना हुने गरी आवधिक योजनाका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रममा स्रोत व्यवस्थापन गर्नेछन्।

३.३.२. नेपाल सरकारबाट प्राप्त रकम, अर्थ मन्त्रालयको स्वीकृतिमा वैदेशिक सहयोगबाट प्राप्त रकम, स्वदेशी सङ्घसंस्थाबाट प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त रकम जम्मा हुने गरी सम्बन्धित तहमा कानूनबमोजिम खेलाडी कल्याणकारी कोष रहनेछ।

३.३.३. उद्योग, प्रतिष्ठान तथा अन्य निकायले विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्नको लागि प्रायोजन गर्न सक्नेछन्।

३.३.४. खेलकुदसँग सम्बन्धित निकाय र सङ्घ सस्थाले प्रचलित कानूनबमोजिम खेल पूर्वाधारको व्यावसायिक प्रयोगमार्फत आर्थिक स्रोत जुटाउन सक्नेछन्।

## ३.४. नीति समन्वय र सामञ्जस्यता

३.४.१. खेलकुद क्षेत्रसँग सम्बन्धित विषयगत मन्त्रालय तथा निकायहरूसँग नीति निर्माणका विभिन्न चरणमा समन्वय गरी प्राप्त राय सुझावलाई समावेश गरिएको छ। साथै, तत् तत् निकायका खेलक्षेत्रसँग सम्बन्धित नीतिका प्रावधानसँग सामञ्जस्यता कायम गरिएको छ।

३.४.२. नीति कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछन्:

(क) सङ्घीय तहले खेलकुदसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन; खेलकुदसम्बन्धी विषयको अध्ययन र अनुसन्धान; खेलकुदसम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क र समन्वय; खेलकुद प्रशासन र राष्ट्रिय खेल सङ्घसंस्थाको नियमन र समन्वय; राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा खेलकुद विकास र प्रवर्धन; राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता; राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेल पूर्वाधारको निर्माण, सञ्चालन र निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्नेछ।

(ख) प्रदेश तहले खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन; खेलकुद प्रशासन र खेल सङ्घसंस्थाको नियमन र समन्वय; प्रादेशिकस्तरमा खेलकुद विकास र प्रवर्धन; प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र राष्ट्रिय प्रतियोगितामा सहभागिता; खेलकुदसम्बन्धी प्रदेशस्तरीय पूर्वाधारको निर्माण र सञ्चालन; प्रदेशस्तरीय खेलकुद कार्यक्रम सञ्चालन र व्यवस्थापन; प्रदेशस्तरमा निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्नेछ।

(ग) स्थानीय तहले स्थानीयस्तरमा खेलकुदको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास, खेलकुद प्रशासन र स्थानीयस्तरका खेल सङ्घसंस्थाको नियमन र समन्वय, खेलकुद विकास र प्रवर्धन, स्थानीयस्तरमा खेलकुद प्रतियोगिताको आयोजना, राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगितामा सहभागिता र स्थानीयस्तरमा निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्नेछ।

## ३.५. जोखिम पहिचान र व्यवस्थापन

नीति कार्यान्वयनमा आउन सक्ने जोखिम र तिनीहरूको व्यवस्थापनका सम्भाव्य उपाय देहायबमोजिम हुन सक्ने आकलन गरिएको छ:-

### ३.५.१ जोखिमहरू

(क) खेलकुदका कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनमा सङ्घ, प्रदेश

र स्थानीय तहबिच प्रभावकारी समन्वय र सहकारिता स्थापित गर्न;

(ख) खेलकुद क्षेत्रमा राज्यको पर्याप्त लगानी अभिबृद्धि गर्न;

(ग) प्रदेश र स्थानीय तहले खेलकुद क्षेत्रलाई उच्च प्राथमिकता दिन;

(घ) खेलकुद क्षेत्रमा निजी तथा वैदेशिक लगानी आकर्षण बढाउन;

(ङ) खेलकुदसँग सम्बद्ध निकाय तथा सङ्घसस्थाहरूको कार्यक्षमता अभिबृद्धि र सुशासन कायम गर्न।

### ३.५.२ जोखिम व्यवस्थापनका उपायहरू

(क) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ अनुसारको विषयगत समितिलाई प्रभावकारी बनाइ तहगत समन्वय र सहकार्य सुदृढ बनाइनेछ।

(ख) यो नीति कार्यान्वयनको प्रभावकारिताका लागि खेलकुद क्षेत्रसँग सम्बन्धित सरोकारवाला निकाय र सङ्घसंस्थासँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ।

(ग) यो नीति कार्यान्वयनको लागि सरकारी निकाय, विकास साझेदार, निजी तथा वित्तीय क्षेत्रको स्रोतसमेत परिचालन गरिनेछ।

(घ) खेलकुद सम्बद्ध निकाय र सङ्घसंस्थाको क्षमता अभिवृद्धि गरी संस्थागत सुशासन कायम गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।

## ३.६ अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन

### ३.६.१ अनुगमन, मूल्याङ्कन तथा समीक्षा

(क) यो नीतिको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयका सचिवको संयोजकत्वमा 'राष्ट्रिय खेलकुद नीति कार्यान्वयन अनुगमन, मूल्याङ्कन तथा समीक्षा समिति' गठन गरिनेछ। उक्त समितिमा राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय एन्टिडोपिङ एजेन्सी, ओलम्पिक कमिटीहरू, खेल विज्ञ, विश्वविद्यालयका प्रतिनिधि, राष्ट्रिय खेल सङ्घसंस्था, खेल प्राविधिक तथा प्रदेश र स्थानीय तह समेतलाई समावेश गरिनेछ।

(ख) यो नीति प्रदेश तथा स्थानीय तहको लागि नीति मार्गदर्शनको रूपमा रहनेछ।

(ग) आ-आफ्नो क्षेत्राधिकारभित्र पर्ने नीतिका प्रावधानमा सङ्घ, प्रदेश र स्थानीय तहका खेलकुद हेर्ने सम्बन्धित निकायले समेत अनुगमन तथा मूल्याङ्कन गर्नेछन्।

### ३.६.२ नीति पुनरावलोकन

प्रत्येक दुई वर्षमा यो नीति कार्यान्वयनको समीक्षा गरिनेछ र नेपाल सरकारले आवश्यकतानुसार नीति पुनरावलोकन गरी परिमार्जन गर्नेछ।

## ३.७. नीति कार्यान्वयन कार्ययोजना

नीतिमा उल्लिखित कार्यनीतिहरू संलग्न अनुसूची-१ बमोजिमको कार्ययोजनानुसार कार्यान्वयन गरिनेछ।

## ३.८. खारेजी र बचाउ

३.८.१. राष्ट्रिय खेलकुद नीति,२०६७ लाई खारेज गरिएको छ।

३.८.२. राष्ट्रिय खेलकुद नीति,२०६७ बमोजिम भए गरेका काम कारबाहीहरू यसै नीतिबमोजिम भए गरेको मानिनेछ।

# अनुसूची-१

## राष्ट्रिय खेलकुद नीति, २०८२ कार्यान्वयन कार्ययोजना

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | खेलकुद तथा शारीरिक शिक्षालाई विद्यालय तहको पाठ्यक्रममा समावेश गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | युवा तथा खेलकुद मन्त्रालय | २ वर्षभित्र | विद्यालयमा खेलकुद शिक्षा विषय र तालिम प्राप्त खेलकुद शिक्षकको व्यवस्थापन तथा विश्वविद्यालयमा शारीरिक शिक्षा र खेल विज्ञान विषयको अध्ययन, अध्यापन तथा अनुसन्धान कार्य भएको हुनेछ। |
| २ | माध्यमिक विद्यालयमा शारीरिक शिक्षा तथा तालिम प्राप्त शिक्षकको क्रमशः व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; अर्थ मन्त्रालय | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद/बोर्ड, सम्बन्धित स्थानीय सरकार | ५ वर्षभित्र | |
| ३ | विश्वविद्यालयमा शारीरिक शिक्षा र खेल विज्ञान विषयको अध्ययन, अध्यापन तथा अनुसन्धान कार्य बिस्तार गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; विश्वविद्यालय अनुदान आयोग; विश्वविद्यालयहरू | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | ५ वर्षभित्र | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ४ | सबै विद्यालयमा खेलकुदका न्यूनतम पूर्वाधारको मापदण्ड तयार गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय | सम्बन्धित स्थानीय सरकार | १ वर्षभित्र | विद्यालयमा न्यूनतम खेल पूर्वाधार, प्रतिभावान् विद्यार्थी खेलाडी छात्रवृत्तिको व्यवस्था र खेलकुदसम्बन्धी सह-क्रियाकलाप र खेलकुद प्रतियोगिताको नियमित सञ्चालन भएको हुनेछ। |
| ५ | विद्यालयमा अध्ययनरत प्रतिभावान् खेलाडी विद्यार्थी र खेलाडीका सन्ततीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | युवा तथा खेलकुद मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय सरकार | निरन्तर | |
| ६ | विद्यालयमा सह-क्रियाकलाप र नियमित रूपमा खेलकुद प्रतियोगिताको आयोजना गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | युवा तथा खेलकुद मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय सरकार | निरन्तर | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ७ | विश्वविद्यालयमा खेलकुदका न्यूनतम भौतिक पूर्वाधारको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्, विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालय | १ वर्षभित्र | विश्वविद्यालयमा न्यूनतम खेल पूर्वाधार, विद्यार्थी खेलाडीको लागि छात्रवृत्ति, खेलकुदसँग सम्बन्धित अध्ययन अनुसन्धान र अन्तरविश्वविद्यालय, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना भएका हुनेछन्। |
| ८ | विश्वविद्यालयमा अध्ययनरत प्रतिभावान् खेलाडी विद्यार्थी र खेलाडीका सन्ततीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; विश्वविद्यालय अनुदान आयोग | विश्वविद्यालय, राष्ट्रिय खेलकुद परिषद् | निरन्तर | |
| ९ | विश्वविद्यालयहरूमा खेलकुदसम्बन्धी वार्षिक कार्यतालिका र कार्यक्रम बनाइ कार्यान्वयन गर्ने। | विश्वविद्यालय | राष्ट्रिय खेलकुद परिषद् | निरन्तर | |
| १० | प्रत्येक वर्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरविश्वविद्यालय खेलकुद प्रतियोगिता आयोजना गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | विश्वविद्यालय, विश्वविद्यालय खेलकुद महासङ्घ | आवधिक/ निरन्तर | |
| ११ | खेलकुदसँग सम्बन्धित विषय र गतिविधिको अध्ययन अनुसन्धान गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | विश्वविद्यालय, अनुसन्धान गर्ने संस्था | निरन्तर | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १२ | खेलसँग सम्बद्ध सरकारी, गैरसरकारी निकाय एवं खेल सङ्घसंस्थामा खेल पूर्वाधार विकास गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद् | ५ वर्षभित्र | हरेक सरकारी र गैरसरकारी निकाय एवं खेल सङ्घसंस्थामा न्यूनतम खेलपूर्वाधार, खेलकुदका दक्ष जनशक्ति तथा वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन हुनेछन्। साथै, उत्कृष्ट खेलाडी टिमलाई वृत्ति विकासका अवसरहरू प्राप्त भएको हुनेछ। |
| १३ | खेलसँग सम्बद्ध सरकारी, गैरसरकारी निकाय एवं खेल सङ्घसंस्थाले दक्ष प्राविधिक जनशक्ति विकास गरी तालिम र प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | खेल सङ्घसंस्था | २ वर्षभित्र | |
| १४ | खेलसँग सम्बद्ध सरकारी, गैरसरकारी निकाय एवं खेल सङ्घसंस्थाले खेलकुद प्रतियोगिता आयोजना गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | खेल सङ्घसंस्था | वार्षिक | |
| १५ | उत्कृष्ट खेलाडी तथा टिमलाई प्रोत्साहन गर्न विभिन्न पुरस्कार, सम्मान तथा वृत्ति विकासका कार्यक्रम सञ्चालन गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | राष्ट्रिय खेलकुद परिषद्, प्रदेश तथा स्थानीय सरकारका खेलकुद हेर्ने निकाय | निरन्तर | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १६ | अपाङ्गताको प्रकृतिअनुसार खेल पूर्वाधार पहुँचयुक्त, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र प्रविधियुक्त बनाउने। | राष्ट्रिय खेलकुद परिषद् | पारा र विशेष ओलम्पिक कमिटि | ५ वर्ष भित्र | अपाङ्गताको प्रकृतिअनुसार उपयुक्त खेल पूर्वाधार,खेलाडी विद्यार्थीका लागि विद्यालय र विश्वविद्यालयमा आवासीय छात्रवृत्ति, खेलस्थल र खेलकुदसँग सम्बन्धित निकायमा साङ्केतिक भाषा, ब्रेल लिपि तथा लार्ज प्रिन्टको व्यवस्था भई आवश्यक प्राविधिक जनशक्तिमार्फत नियमित प्रशिक्षण र प्रतियोगिताका कार्यक्रम सञ्चालन हुनेछन्। |
| १७ | खेल विषयमा अध्ययन गर्न चाहने अपाङ्गता भएका खेलाडीका लागि छात्रवृत्तिको व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; प्रदेश सरकार; विश्वविद्यालय अनुदान आयोग | युवा तथा खेलकुद मन्त्रालय, विश्वविद्यालय | निरन्तर | |
| १८ | खेलस्थल र खेलकुदसँग सम्बन्धित निकायमा साङ्केतिक भाषा, ब्रेल लिपि तथा लार्ज प्रिन्टको व्यवस्था गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | पारा र विशेष ओलम्पिक कमिटि | निरन्तर | |
| १९ | पारा र विशेष खेलाडीका लागि तालिम तथा प्रशिक्षण कार्यक्रममार्फत आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्ने। | राष्ट्रिय खेलकुद परिषद्, पारा र विशेष ओलम्पिक कमिटि | खेल सङ्घसंस्था | निरन्तर | |
| २० | पारा र विशेष खेलाडीका लागि खेलकुद प्रतियोगिता सञ्चालन गर्ने, गराउने। | राष्ट्रिय खेलकुद परिषद्, पारा र विशेष ओलम्पिक कमिटि | खेल सङ्घसंस्था | नियमित | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| २१ | महिला खेलाडीका लागि नियमित प्रशिक्षण (सम्भव भएसम्म महिला प्रशिक्षकबाट) का अवसर बिस्तार गर्ने। | राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटिहरू | खेल सङ्घ | निरन्तर | ज्येष्ठ नागरिकका लागि योग, ध्यान, नृत्यगृह र प्रशिक्षण केन्द्र स्थापना, शारीरिक र मानसिक स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रम तथा उपयुक्त खेल प्रतियोगिता आयोजना हुनेछन्। साथै, भेट्रान्स/मास्टर्स खेलाडीको विधा अनुसारको अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागीता हुनेछ। |
| २२ | ज्येष्ठ नागरिकका लागि योग, ध्यान, शारीरिक र मानसिक स्वास्थ्य सम्बन्धी विभिन्न चेतनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | युवा तथा खेलकुद मन्त्रालय, स्थानीय सरकार | निरन्तर | |
| २३ | भेट्रान्स/मास्टर्स खेलाडीलाई विधाअनुसारको अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने/सहभागी गराउने। | राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटिहरू | खेल सङ्घ, क्लबहरू | खेलविधाअनुसारको अन्तर्राष्ट्रिय कार्यतालिका अनुसार | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| २४ | खेलकुद क्षेत्रमा महिला खेलाडीको सहभागिता अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने। | राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटिहरू | प्रदेश खेलकुद परिषद्/ बोर्ड, स्थानीय सरकार, खेल सङ्घ | निरन्तर | प्रोत्साहनमूलक कार्यक्रम र नियमित प्रशिक्षणमार्फत खेलकुदमा क्षमतावान् महिला खेलाडी र खेलक्षेत्रसँग सम्वन्धित अन्य महिला जनशक्तिको सहभागितामा वृद्धि हुनुको साथै अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता महिला खेलाडीहरू रोजगार/ स्व-रोजगार भएको हुनेछन्। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको खेलकुदमा सहभागी भएको हुने। |
| २५ | तालिम र प्रशिक्षणमार्फत प्रशिक्षण, खेल चिकित्सा, खेल मनोविज्ञान र खेल पत्रकारिता आदि क्षेत्रमा महिला जनशक्ति तयार गर्ने। | युवा तथा खेलकुद मन्त्रालय तथा सम्बन्धित विषयगत मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटिहरू | निरन्तर | |
| २६ | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि खेलकुद सम्बन्धी मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने। | राष्ट्रिय खेलकुद परिषद् | युवा तथा खेलकुद मन्त्रालय | निरन्तर | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| २७ | खेलकुद क्षेत्रको जनशक्ति उत्पादन गर्न नेपाल खेलकुद विज्ञान प्रतिष्ठानको सुदृढिकरण गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद् | २ वर्ष | खेलकुद प्रशिक्षण प्रतिष्ठान र प्रशिक्षण केन्द्र स्थापना भई नियमित र विशेष प्रशिक्षण हुनेछन् साथै, तीनै तह र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिताहरू आयोजना भई लिग तथा अन्य प्रतियोगिता सञ्चालन निजी क्षेत्रको लगानी र प्रायोजन बढ्नेछ। खेलाडी, प्रशिक्षक र निर्णायकको लागि विशेष परीक्षासहितको शैक्षिक कार्यक्रमको व्यवस्था हुनेछ। साथै, खेलकुदसँग सम्बन्धित निकाय तथा खेल सङ्घसंस्थाका पदाधिकारी र कर्मचारीलाई नेतृत्व क्षमता विकास तालिम तथा कार्यक्रम सञ्चालन हुनेछन्। |
| २८ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल तालिकाको आधारमा नियमित प्रशिक्षण सञ्चालन गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | राष्ट्रिय खेल सङ्घ र महासङ्घहरू | निरन्तर/ नियमित | |
| २९ | खेलको प्रकृति तथा लोकप्रियता र अन्तर्राष्ट्रिय खेलमा उपलब्धिको आधारमा विशेष प्रशिक्षण सञ्चालन गर्ने। | राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटिहरू | राष्ट्रिय खेल सङ्घ र महासङ्घहरू | निरन्तर | |
| ३० | नेपाल खेलकुद विज्ञान प्रतिष्ठान र प्राज्ञिक निकाय बिच समझदारी गरी खेलाडी तथा प्रशिक्षकको वृत्ति विकास मापदण्ड तयार गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | राष्ट्रिय खेल सङ्घसंस्था | १ वर्षभित्र | |
| ३१ | खेलकुदसँग सम्बन्धित निकाय र खेल सङ्घसंस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई नेतृत्व क्षमता विकास तालिम तथा कार्यक्रम सञ्चालन गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | राष्ट्रिय खेल सङ्घ | निरन्तर | |
| ३२ | खेलाडी, प्रशिक्षक र निर्णायकको लागि स्तरवृद्धि र प्रमाणिकरण गर्न शैक्षिक कार्यक्रमको व्यवस्था गर्न सहजीकरण गर्ने। | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् | राष्ट्रिय खेल सङ्घ | २ वर्षभित्र | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३३ | तहगत रूपमा खेलकुदका समस्या पहिचान गरी समाधानका उपायहरू अवलम्वन गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | प्रदेशका खेलकुद हेर्ने मन्त्रालय, प्रदेश खेलकुद परिषद्/बोर्ड | निरन्तर | तहगत रूपमा खेलकुदका समस्या समाधान भई प्रत्येक प्रदेशमा विधागत खेल विद्यालयको स्थापना र तिनै तहको समन्वयमा एकिकृत प्रतिभा विकास परियोजना सञ्चालन हुनेछ। |
| ३४ | खेलको वर्गीकरण र प्राथमिकताको आधारमा खेलको मापदण्ड तयार गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | निरन्तर | निश्चित मापदण्डका आधारमा राष्ट्रिय खेलको वर्गीकरण गरी प्राथमिकिकरण गरिनेछ। साथै, अन्तर्राष्ट्रिय अफिसियल खेललाई प्राथमिकता दिई खेलको आयोजना तथा सहभागिता हुनेछ भने वार्षिक कार्यक्रमको नियमितता, कार्यक्रम सञ्चालन आन्तरिक स्रोतको परिचालन आदिको आधारमा खेल सङ्घहरूमा बजेट बाँडफाँट हुनेछ। |
| ३५ | कार्यतालिका बनाइ राष्ट्रिय खेलकुद प्रतियोगिता नियमित रूपमा सञ्चालन गर्ने, गराउने | राष्ट्रिय खेलकुद परिषद् | ओलम्पिक कमिटिहरू, राष्ट्रिय खेल सङ्घहरू | नियमित | |
| ३६ | उमेर समूहका आधारमा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त गरेको सफलता, ओलम्पिक र नन् ओलम्पिक खेल, राष्ट्रियस्तरमा खेलले प्राप्त गरेको लोकप्रियता,लगानीको सम्भावना आदिका आधारमा खेलको वर्गीकरण गरी प्राथमिकीकरण गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | ओलम्पिक कमिटिहरू, राष्ट्रिय खेल सङ्घ | १ वर्षभित्र | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३७ | विद्यमान खेल पूर्वाधारको स्तर निर्धारण गरी सङ्घ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद्/ बोर्ड, स्थानीय सरकार | २ वर्ष | खेल पूर्वाधारको स्तर निर्धारण अनुसार प्रदेश र स्थानीय तहमा हस्तान्तरण, प्रत्येक प्रदेशमा एउटा अन्तर्राष्ट्रियस्तरको बहुउद्देश्यीय खेलग्राम, 'एक स्थानीय तहः एक खेलग्राम आवश्यकता र मागअनुसार अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरका सुविधासम्पन्न खेल पूर्वाधार निर्माण र खेल पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारीले गर्दा पर्याप्त खेल पूर्वाधार हुनेछन्। खेलकुद पूर्वाधारको वातावरणीय पक्षलाई आन्तरिकीकरण र जलवायु उत्थानशील बनाइनेछन्। |
| ३८ | एक स्थानीय तह एक खेलग्राम नीतिको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने। | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, स्थानीय सरकार | निरन्तर | |
| ३९ | प्रदेशमा अन्तर्राष्ट्रियस्तरको बहुउद्देश्यीय खेलग्राम निर्माण गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, प्रदेश सरकार | अर्थ मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद्/ बोर्ड | ५ वर्ष | |
| ४० | आवश्यकता र मागअनुसार अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरका सुविधासम्पन्न भौतिक पूर्वाधार निर्माण गर्दै जाने। | युवा तथा खेलकुद मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | ५ वर्ष | |
| ४१ | सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार खेलकुद पूर्वाधारहरू निर्माण गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | निजी क्षेत्र | निरन्तर | |
| ४२ | खेलकुद पूर्वाधार निर्माणमा वातावरणीय पक्षलाई आन्तरिकीकरण गरी जलवायु उत्थानशील बनाउने। | युवा तथा खेलकुद मन्त्रालय | वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद्/बोर्ड, स्थानीय सरकार | ५ वर्षभित्र | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ४३ | राष्ट्रिय खेलकुद परिषद्को पुर्नसंरचना गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् | १ वर्षभित्र | खेलसम्बद्ध निकायमा पदाधिकारी र कर्मचारीमा कार्यविवरण र आचारसंहिता लागु भई खेल सञ्चालन कार्यविधिको कार्यान्वयनले खेल क्षेत्रमा सुशासन कायम भएको हुनेछ। |
| ४४ | खेलसम्बद्ध निकायमा कार्यरत पदाधिकारी र कर्मचारीहरूको कार्यविवरण (Job description) को व्यवस्था गर्ने। | राष्ट्रिय खेलकुद परिषद्,प्रदेश खेलकुद परिषद्/बोर्ड, ओलम्पिक कमिटिहरू | राष्ट्रिय तथा प्रदेश खेल सङ्घहरू | १ वर्षभित्र | |
| ४५ | खेल र खेलकुदसम्बन्धी आचारसंहिता बनाइ अनिवार्य रूपमा लागु गर्ने। | राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद्/ बोर्ड, ओलम्पिक कमिटिहरू | राष्ट्रिय तथा प्रदेश खेल सङ्घहरू | २ वर्षभित्र | |
| ४६ | खेलाडी, प्रशिक्षक तथा अफिसियलहरूको जिम्मेवारी र भूमिका उल्लेख गरी अन्तर्राष्ट्रिय मापदण्डअनुसार खेल सञ्चालन कार्यविधि बनाउने। | राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक किमिटिहरू | राष्ट्रिय खेल सङ्घ | १ वर्षभित्र | |
| ४७ | खेलसँग आबद्ध सङ्घसंस्थाहरूको नियमनलाई प्रभावकारी बनाउने। | युवा तथा खेलकुद मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | राष्ट्रिय खेलकुद परिषद्, प्रदेश तथा स्थानीय सरकारका खेलकुद हेर्ने निकाय | निरन्तर | |
| ४८ | निजी क्षेत्रबाट सञ्चालन खेल पूर्वाधार र गतिविधिको नियमन गर्ने। | राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, स्थानीय सरकार | सम्बन्धित सङ्घसंस्थाहरू | नियमित | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ४९ | तीनै तहका सरकारबाट आवश्यकतानुसारको रकम खेलकुदमा विनियोजन गर्नु पर्ने नीति अवलम्बन गर्ने। | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार | युवा तथा खेलकुद मन्त्रालय | १ वर्षभित्र | सरकारी र निजी क्षेत्रबाट खेलकुद क्षेत्रमा लगानी वृद्धि हुनेछ। साथै, सरकारबाट सहयोग एवं सहुलियत र कर छुटको व्यवस्थाले निजी क्षेत्रसमेत लगानीमा आकर्षित हुनेछन्। |
| ५० | संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) अन्तर्गत उद्योग तथा प्रतिष्ठानलाई खेलकुदका पूर्वाधार निर्माणदेखि अन्य गतिविधि सञ्चालन सहयोग गर्न समन्वय गर्ने। | सङ्घीय सरकारका मन्त्रालयहरू, नेपाल राष्ट्र बैङ्क | राष्ट्रिय खेलकुद परिषद्, बैंकर्स एसोसियसन, व्यावसायिक संस्थाहरू | २ वर्षभित्र | |
| ५१ | खेल पूर्वाधारलगायत खेल क्षेत्रको विकासका लागि विभिन्न दातृ राष्ट्र, अन्तर्राष्ट्रिय संस्था तथा विकास साझेदारबाट वैदेशिक सहयोग जुटाउन पहल गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय | परराष्ट्र मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय खेल सङ्घसंस्था | निरन्तर | |
| ५२ | स्वदेशमै खेलकुद सामग्री उत्पादनको लागि निजी क्षेत्रलाई आवश्यक सहयोग एवं सहुलियत उपलब्ध गराउन सहजीकरण गर्ने। | अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | युवा तथा खेलकुद मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार | निरन्तर | |
| ५३ | खेल सामाग्री उद्योग प्रवर्धन गर्नका लागि आवश्यक सामग्री आयातमा कर सहुलियत/छुटको व्यवस्थाको लागि सहजीकरण गर्ने। | अर्थ मन्त्रालय | युवा तथा खेलकुद मन्त्रालय | निरन्तर | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५४ | राष्ट्रिय खेल सङ्घ तथा महासङ्घबाट आयोजना हुने खेलकुद प्रतियोगितामा प्रायोजकको भूमिकामा रहेका संस्था वा निकायलाई करको दायरामा ल्याउन कार्यविधि बनाइने। | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय | निरन्तर | खेलकुदमा प्रयोजन गर्ने सङ्घसंस्थाहरू करको दायरामा आएको हुने। |
| ५५ | खेलकुदका केन्द्रीय निकायले अन्तर्राष्ट्रिय समकक्षी निकायसँग द्विपक्षीय र बहुपक्षीय सम्बन्ध स्थापना गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटिहरू | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय | निरन्तर | खेलकुदमा द्विपक्षीय र बहुपक्षीय सम्वन्ध स्थापना भई खेल क्षेत्रमा मानवसंसाधनको क्षमता अभिवृद्धिका कार्यक्रम आदान प्रदान तथा खेलसंस्थालाई बस्तुगत तथा प्राविधिक सहयोग प्राप्त हुनेछन्। साथै, खेलाडीहरू व्यावसायिक खेलमा आबद्ध हुन सहयोग पुग्नेछ । |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५६ | खेल क्षेत्रमा मानव संसाधनको क्षमता अभिवृद्धिका लागि द्विपक्षीय, वहुपक्षीय निकायसँग कार्यक्रम आदान प्रदान गर्न समन्वय गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | परराष्ट्र मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटिहरू राष्ट्रिय खेल सङ्घहरू | निरन्तर | |
| ५७ | सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहमा सङ्घीय मापदण्डअनुसार प्रतियोगिता आयोजना गर्ने। | राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद् र खेल सङ्घ/महासङ्घ | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार | निरन्तर | |
| ५८ | अन्तर्राष्ट्रिय (दक्षिण एसियाली, एसियाली तथा ओलम्पिक) खेल कार्यतालिकाका आधारमा प्रतियोगितामा सहभागिता/आयोजना गर्ने। | राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटि | युवा तथा खेलकुद मन्त्रालय | निरन्तर | |
| ५९ | अन्तर्राष्ट्रिय खेल सङ्घसंस्थासँगको सम्बन्ध सुदृढ बनाइ वस्तुगत तथा प्राविधिक सहयोग प्राप्तिमा पहल गर्ने। | राष्ट्रिय खेल सङ्घ/ महासङ्घ | सङ्घीय सरकारका मन्त्रालयहरू, राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटीहरू | निरन्तर | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ६० | प्रतिभावान् खेलाडीलाई व्यावसायिक खेलमा आबद्ध गराउन अन्तर्राष्ट्रिय खेल सङ्घसंस्थासँग समन्वय गर्ने। | राष्ट्रिय खेल सङ्घ | राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटीहरू | निरन्तर | |
| ६१ | समुदाय र स्थान विशेषमा प्रचलनमा रहेका परम्परागत र मनोरञ्जनात्मक खेलको अध्ययन, अभिलेखीकरण, संरक्षण, संवर्धन गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | प्रदेश खेलकुद परिषद्/ बोर्ड, स्थानीय सरकार | निरन्तर | हरेक समुदायमा खेल संस्कृतिको विकास भई परम्परागत र मनोरञ्जनात्मक खेलको अध्ययन, अभिलेखीकरण, संरक्षण, संवर्धन तथा स्थानीय, प्रदेश तथा राष्ट्रिय प्रतियोगिता आयोजना र प्रचारप्रसार हुनेछ। |
| ६२ | परम्परागत र मनोरञ्जनात्मक खेलको व्यापकता र लोकप्रियता अनुसार स्थानीय, प्रदेश तथा राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने। | राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद्/ बोर्ड, स्थानीय सरकार | राष्ट्रिय, प्रदेश र स्थानीय खेल संस्थाहरू | वार्षिक रूपमा निरन्तर | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ६३ | भौगोलिक विशेषता अनुसार सञ्चालन गर्न सकिने साहसिक खेलको अध्ययन अनुसन्धान गर्ने। | विश्वविद्यालय र राष्ट्रिय खेलकुद परिषद् | राष्ट्रिय र प्रदेशका खेल सङ्घसंस्थाहरू | २ वर्षभित्र | साहसिक खेलको अध्ययन अनुसन्धान भई खेल सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रलाई आकर्षण गरी साहसिक खेलको तालिम, प्रशिक्षण र प्रतियोगिता सञ्चालन हुनेछन्। साथै, हाइअल्टिच्युड ट्रेनिङ सेन्टरको सम्भाव्यता अध्ययन, अनुसन्धान, स्थापना, विकास र प्रवर्धन तथा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार हुनेछ। |
| ६४ | साहसिक खेल सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | खेल संस्थाहरू | निरन्तर | |
| ६५ | साहसिक खेलको तालिम, प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | खेल सङ्घहरू तथा निजी क्षेत्र | निरन्तर | |
| ६६ | उच्च धरातलीय तालिम केन्द्र सञ्चालनको सम्भाव्यता अध्ययन, अनुसन्धान, स्थापना, विकास र प्रवर्धन गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद् | २ वर्षभित्र | |
| ६७ | उच्च धरातलीय तालिम केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्, खेल सङ्घसंस्था | निरन्तर | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ६८ | खेल पर्यटन प्रवर्धनका लागि पूर्वाधारको समुचित व्यवस्था गर्ने। | युवा तथा खेलकुद मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद्/ बोर्ड, स्थानीय सरकार, निजीक्षेत्र | ५ वर्षभित्र | खेल पर्यटन स्थल पहुँच र पूर्वाधारयुक्त भई खेल पर्यटन स्थलमा होटल तथा पर्यटन व्यवसायीहरू आकर्षित हुनेछन् साथै बृहत राष्ट्रिय खेल महोत्सव, माउन्टेन स्पोर्टस् फेस्टिबल र परम्परागत, मनोरञ्जनात्मक, साहसिक तथा पर्यटकीय खेलको नियमित प्रतियोगिता आयोजना हुनाले पर्यटन प्रवर्धनमा सहयोग पुग्नेछ। |
| ६९ | खेल पर्यटन प्रवर्धनका लागि निजी तथा साझेदार संस्थासँग समन्वय र सहकार्य गर्ने। | युवा तथा खेलकुद मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; वन तथा वातावरण मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; प्रदेश र स्थानीय सरकार र होटल तथा पर्यटन व्यावसायसँग सम्बन्धित संस्थाहरू | १ वर्षभित्र | |
| ७० | नेपालमा पर्वतीय खेलकुद महोत्सव (Mountain Sports Festival) आयोजना गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | राष्ट्रिय खेल सङ्घ/ महासङ्घहरू | प्रत्येक २ वर्षमा | |
| ७१ | परम्परागत, मनोरञ्जनात्मक, साहसिक तथा पर्यटकीय खेलको नियमित प्रतियोगिता आयोजना गर्ने। | राष्ट्रिय खेलकुद परिषद्, खेल सङ्घहरू | प्रदेश खेलकुद परिषद्/ बोर्ड, स्थानीय सरकार | नियमित | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ७२ | खेलकुद क्षेत्रमा नवीनतम प्रविधिको अध्ययन र अनुसन्धान गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | विश्वविद्यालय, अनुसन्धान केन्द्र | २ वर्षभित्र | खेलकुद क्षेत्रमा खेलकुद विज्ञ र अनुसन्धानकर्ताको उपलव्धता भई खेलकुद प्रशिक्षण र प्रतियोगितामा नविन प्रविधिको प्रयोग हुनेछ। साथै इ-स्पोर्ट्ससँग आबद्ध सङ्घसंस्थाको नियमन भएको हुने। |
| ७३ | खेलकुद क्षेत्रमा नवीनतम प्रविधिको उपयोग गर्न प्रोत्साहन गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | राष्ट्रिय खेल सङ्घ | निरन्तर | |
| ७४ | विद्युतीय खेलको (E-Sports) व्यवस्थापन र नियमन गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | ओलम्पिक कमिटि, खेल सङ्घहरू | २ वर्षभित्र | |
| ७५ | खेलकुदसम्बन्धी तथ्याङ्कलाई व्यवस्थित बनाउन खेलकुद पोर्टल स्थापना गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद, ओलम्पिक कमिटिहरू, खेल सङ्घ | २ वर्षभित्र | अन्तर्राष्ट्रिय खेलकुद गतिविधिमा खेलकुद पत्रकारको प्रतिनिधित्व तथा खेल पत्रकार, सञ्चार माध्यम तथा सङ्घसंस्थालाई पुरस्कार र सम्मानको व्यवस्था हुनेछ। |
| ७६ | सञ्चार माध्यमको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद गतिविधि सञ्चालन गर्ने। | राष्ट्रिय खेलकुद परिषद् र ओलम्पिक कमिटी | खेल पत्रकारसँग सम्बन्धित संस्थाहरू | निरन्तर | |
| ७७ | खेलकुदको विकास र बिस्तारमा योगदान दिने खेल पत्रकार, सञ्चार माध्यमलाई पुरस्कार र सम्मानको व्यवस्था गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | युवा तथा खेलकुद मन्त्रालय | निरन्तर | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ७८ | खेलकुदमा आवश्यक स्वास्थ्यसम्बन्धी प्राविधिक जनशक्ति (डाक्टर, पोषण विशेषज्ञ, स्वास्थ्य सहायक, नर्स, फिजियोथेरापिष्ट, ल्याब एसिस्टेन्ट आदि) को व्यवस्था मिलाउने। | राष्ट्रिय खेलकुद परिषद् | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | निरन्तर | स्वास्थ्यसम्बन्धी प्राविधिक जनशक्तिको व्यवस्थाले खेलाडीको नियमित स्वास्थ्य परीक्षण तथा खेलाडीको पोषण/ स्वास्थ्य सम्बन्धी ज्ञान वृद्धि हुनेछ साथै एन्टिडोपिङ प्रयोगशाला स्थापना भई खेलकुदमा प्रतिबन्धित औषधि सेवनविरुद्ध जनचेतना अभिवृद्धि हुनेछ। |
| ७९ | खेलाडीको पोषण तथा स्वास्थ्यसम्बन्धी मापदण्ड बनाइ सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, राष्ट्रिय खेल सङ्घ/महासङ्घ | निरन्तर | |
| ८० | चिकित्सा विज्ञानसम्बन्धी नयाँ ज्ञान र अनुभव आदानप्रदान गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | नेपाल ओलम्पिक कमिटी, राष्ट्रिय खेल सङ्घहरू | ५ वर्षभित्र/ निरन्तर | |
| ८१ | एन्टिडोपिङ प्रयोगशाला स्थापना गरी एन्टिडोपिङ परीक्षणलाई सहज बनाउने। | राष्ट्रिय एन्टिडोपिड एजेन्सी | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटी, राष्ट्रिय खेल सङ्घहरू | नियमित | |
| ८२ | खेलकुदमा प्रतिबन्धित औषधि सेवन एवं विधि विरुद्धको सचेतना अभिवृद्धि गर्ने। | राष्ट्रिय एन्टिडोपिड एजेन्सी | राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटी, राष्ट्रिय खेल सङ्घहरू | निरन्तर | |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ८३ | राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा देशको प्रतिष्ठा अभिवृद्धि गर्ने खेलाडी तथा खेलसँग सम्बन्धित व्यक्ति एवं संस्थालाई सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय खेल सङ्घ | निरन्तर | अन्तर्राष्ट्रियस्तरमा देशको प्रतिष्ठा अभिवृद्धि गर्ने खेलाडीलाई पुरस्कार तथा सम्मान, अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई |
| ८४ | खेलकुद सम्बन्धी नीतिगत सुधार एवं कानून तर्जुमा प्रक्रियामा खेलाडी तथा खेलकुद विज्ञहरूको प्रतिनिधित्व गराउने। | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद् | निरन्तर | मापदण्डअनुसारको मासिक भत्ता, सङ्घ, प्रदेश र स्थानीय तहमा खेलाडी कल्याणकारी कोष तथा |
| ८५ | सङ्घ, प्रदेश र स्थानीय तहमा खेलाडी कल्याणकारी कोषको स्थापना गर्ने। | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार | राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद् / बोर्ड | २ वर्षभित्र | सहुलियत दरमा स्वास्थ्य सेवा, राष्ट्रिय सभा समारोहमा मर्यादित स्थानको व्यवस्था |
| ८६ | खेलाडी र प्रशिक्षकको वर्गीकरण गरी राष्ट्रिय पोर्टफोलियो तयार गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | राष्ट्रिय खेल सङ्घ/ महासङ्घहरू | २ वर्षभित्र | हुनेछ। साथै, खेलकुद क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने |
| ८७ | खेलाडी र प्रशिक्षकको जिवन बिमा र स्वास्थ्य बिमाको व्यवस्था गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | राष्ट्रिय खेल सङ्घ/ महासङ्घहरू | २ वर्षभित्र | अफिसियल,प्राविधिक, अनुसन्धानकर्ता र |

| क्र.सं | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ८८ | खेलाडी र प्रशिक्षकलाई सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउन सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सरकारी तथा निजी अस्पताल | २ वर्षभित्र | प्रशासनिक कर्मचारी प्रोत्साहित तथा सम्मानित हुनेछन्। |
| ८९ | अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई मापदण्ड बनाइ मासिक भत्ताको व्यवस्था गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | ओलम्पिक कमिटी, राष्ट्रिय खेल सङ्घ | निरन्तर | |
| ९० | खेल क्षेत्रमा ख्याती कमाएका तथा खेलकुद क्षेत्रमा सकारात्मक सन्देश फैलाउन सहयोग गरेका व्यक्तिहरूलाई खेलकुद सद्भावना दूत नियुक्तिको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | विषयगत मन्त्रालयहरू, राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटिहरू, खेल सङ्घहरू | २ वर्षभित्र | |
| ९१ | खेलाडीको जीवनयापनलाई सहज बनाउन रोजगारीका लागि सहजीकरण गर्ने। | राष्ट्रिय खेलकुद परिषद् | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सिपमूलक तालिम प्रदायक संस्थाहरू | ५ वर्षभित्र | |
| ९२ | प्रत्येक वर्ष तीनै तहमा उत्कृष्ट वर्ष खेलाडी छनौट गरी पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने। | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार | राष्ट्रिय खेलकुद परिषद्, ओलम्पिक कमिटी र खेल सङ्घ | निरन्तर | |

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं ।